साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

फोन : ०९७-६२५१३७
प्र.प्र.अ.: ९८५२६३६५३४
सू.अ. : ९८५८४८४३०२

पत्र सङ्ख्या : २०८३/०८४
सूचना नं. : २६

साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

साँफेबगर नगरपालिका कार्यपालिकाको कार्यालय साँफेबगर, अछाम सुदूरपश्चिम प्रदेश २०७३

आन्तरिक आयको ठेक्काको सूचना

प्रथम पटक प्रकाशित मिति – २०८३।०५।१८
दोस्रो पटक प्रकाशित मिति – २०८३/०६/१६
तेस्रो पटक प्रकाशित मिति-२०८३/०६/२३
चौथो पटक प्रकाशित मिति-२०८३/०७/१३

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/०८४ को तोकेको अवधिका लागि बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) तोकिएका घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री सम्बन्धमा आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश गरेको प्रमाण, कानुनी रूपमा योग्य रहेको घोषणापत्र, अख्तियारनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरू संलग्न गरि तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

साँफेबगर नगरपालिकाको देहाय बमोजिमको ठेक्काका लागि मिति २०८३/०७/१३ का दिन सबै योग्य बोलपत्र दाताहरूका लागि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। मिति २०८३/०७/१९ गते कार्यालय समयभित्र बोलपत्र खरिद गरिसक्नुपर्ने छ, खरिद गर्दा साँफेबगर नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, मंगलसेन शाखामा रहेको राजस्व खाता नं. ४२६०१००३०१०१०००४, धरौटी खाता नं. ४२६०१००३०३०००००४ मा देहायको टेण्डर दस्तुर / धरौटी वापतको रकम दाखिला गर्नुपर्नेछ वा नेपाल रास्ट्र बैंकबाट ईजाजतप्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी गरिएको बोलपत्र जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ। साथै खरिद भएका बोलपत्र मिति २०८३/०७/२० गते दिनको १२ बजे भित्र दर्ता गरिसक्नुपर्नेछ र बोलपत्र खोल्ने मिति २०८३/०७/२० गते दिनको १:०० बजे कायम गरिएको छ। **विद्युतीय खरिद प्रणालीमा समस्या भई मर्मत सम्भार र सुधार कार्य भइरहेको सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना अनुसार बोलपत्र सम्बन्धी कारबाही Hard Copy माध्यमबाट मात्र हुनेछ।**

तपसिल

आन्तरिक आय ठेक्का नं.	आन्तरिक आय ठेक्काको नाम	उत्खनन परिमाण (घन फिट)	न्युनतम बोलपत्र कबोल अंक रु. (सेवा शुल्क र भ्याट बाहेक)	धरौटी रकम रु.	टेण्डर फारम दस्तुर रु.
NCB/SM_GOODS/IR/01/2083-084	बुढीगंगा नदीको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	११,३१,९६१.९४	१,३५,८३,५४३.३० *(एक करोड पैंतीस लाख त्रियासी हजार पाँच सय त्रिचालिस रुपैया तीस पैसा)*	कबोल अंकको ५% रकम (VAT सहितको रकमको)	रु. ३,००० /- (तीन हजार मात्र)

बोलपत्र सम्बन्धि थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

अर्जुन सेन ओली
प्रमुख प्रशासकीय अधिकृत